# रोजगार एजेन्सीहरूको लागि वेबसाइट पोस्टिङ मापदण्डहरू

(1) एजेन्सीहरू टोक्यो महानगरमा आधारित हुनुपर्छ।

(2) एजेन्सीले विगत पाँच वर्षमा गम्भीर रूपमा कानुन उल्लङ्घन गरेको हुनु हुँदैन।

(3) एजेन्सीहरू यस्तो समूह हुनु हुँदैन, जसको मुख्य उद्देश्य धार्मिक वा राजनीतिक गतिविधि होस्।

(4) एजेन्सी कम्पनीका प्रतिनिधिहरू, बोर्डका सदस्यहरू, कर्मचारीहरू, अन्य कामदार वा सदस्यहरू सङ्गठित आपराधिक समूहको सदस्य (यसको अर्थ टोक्यो महानगरपालिका सङ्गठित आपराधिक समूह उन्मूलन अध्यादेश (टोक्यो महानगरपालिका अध्यादेश न. 54, 2011) धारा 2, दफा 2 र 3 ले निर्धारित गरेअनुसार सङ्गठित आपराधिक समूहका सदस्यहरू साथै सोही अध्यादेशको धारा 2, दफा 4 ले निर्धारित गरेअनुसार सङ्गठित आपराधिक समूहमा संलग्न व्यक्ति) हुनु हुँदैन।

(5) एजेन्सीहरू प्रान्तीय कर, उपभोग कर र स्थानीय उपभोग कर भुक्तान दायित्वको उल्लङ्घन गरेर बक्यौता हुनु हुँदैन।

(6) एजेन्सीहरूले सार्वजनिक व्यवस्था र नैतिकताको विरुद्ध चल्ने व्यवसाय सञ्चालन गरिरहेको हुनु हुँदैन।

(7) एजेन्सीले युवाहरूको विकासको प्रतिकूल हुने व्यवसाय सञ्चालन गरिरहेको हुनु हुँदैन।

(8) एजेन्सी रोजगार एजेन्सीको रूपमा व्यवसायको इजाजत प्राप्त गरेको वा सोको लागि आवेदन दिएको तीन वर्ष पूरा गरेको हुनुपर्छ।

(9) एजेन्सीले रोजगार एजेन्सी व्यवसायसित सम्बन्धित नियमहरू (परिशिष्ट हेर्नुहोस्) पालन गरिरहेको हुनुपर्छ।

(10) एजेन्सीहरूसित रोजगार एजेन्सीको रूपमा आवश्यक इजाजतपत्र पाउन अयोग्य हुनुपर्ने आधार हुनु हुँदैन। साथै गत तीन वर्षभित्र प्रशासनिक सजाय (व्यवसाय सुधार आदेश वा व्यापार निलम्बन आदेश) पाएको हुनु हुँदैन।

(11) एजेन्सीले ग्लोबल मानव संसाधनको लागि (विगत तीन वर्षको औसतको रूपमा) पाँच वा सोभन्दा धेरै रोजगार सम्झौताहरूमा हस्ताक्षर गरेको हुनुपर्छ*।

(12) एजेन्सीले एकभन्दा धेरै विदेशमा (एसियाली क्षेत्रमा) रोजगारी नियुक्ति सम्हाल्न सक्षम हुनुपर्छ (कम्पनी एकाईको रूपमा कुलको हिसाब गर्न सकिन्छ)

*सम्झौताहरू जापानका कम्पनीहरूले जापानबाहिर बसोबास गर्ने विदेशीहरूलाई नयाँ कामदारको रूपमा राखेको अवसरमा सीमित हुन्छ।

परिशिष्ट

## रोजगारी सिफारिस व्यवसायसित सम्बन्धित नियमहरूको सूची

रोजगार सुरक्षा ऐन (यसपछि ESA भनिने) सम्बन्धी

| No | ऐनको धारा तथा दफा | विवर |
|---|---|---|
| 1 | ESA<br>धारा 32-11 दफा 1 र मन्त्रीस्तरीय अध्यादेश धारा 24-3 | एजेन्सीले बन्दरगाह र निर्माणकार्यसम्बन्धी रोजगारी परिचित गराउनु हुँदैन। (*सशुल्क रोजगार एजेन्सीहरू मात्र) |
| 2 | ESA<br>धारा 32-3 दफा 1 र 2; मन्त्रीस्तरीय अध्यादेश धारा 20 दफा 1, 2 र 4; ऐनको पूरक प्रावधान, दफा 4 | एजेन्सीले रोजगारी सिफारिसको लागि कानुनद्वारा निर्धारित दस्तुर र दर्ता भइसकेको दस्तुरबाहेक जस्तोसुकै कारण भए पनि खर्च, शुल्क वा इनाम प्राप्त गर्नु हुँदैन। |
| 3 | ESA<br>धारा 32-7 दफा 1 | निश्चित विवरणको परिवर्तन हुँदा एजेन्सीले तोकिएको अवधिभित्र सूचना दिनु पर्छ। |
| 4 | ESA<br>धारा 32-14 | एजेन्सीले प्रत्येक कार्यालयको लागि रोजगारी सिफारिस गर्ने जिम्मेवार कर्मचारी नियुक्त गर्नुपर्छ। |
| 5 | ESA<br>धारा 32-15 | एजेन्सीले प्रत्येक कार्यालयमा वैधानिक पुस्तकहरू बनाएर उपलब्ध गराउनुपर्छ। |
| 6 | ESA<br>धारा 44 | एजेन्सीले धारा 45 मा परिभाषित अवस्थाबाहेक श्रम आपूर्ति व्यवसाय सञ्चालन गर्नु हुँदैन। |
| 7 | ESA<br>धारा 51 दफा 1 | एजेन्सीले व्यवसाय सञ्चालनको क्रममा प्राप्त गरेका "मानिसका गोप्य कुराहरू" तेस्रो पक्षलाई खुलासा गर्नु हुँदैन। |
| 8 | ESA<br>धारा 65 उपदफा 8 | एजेन्सीले गलत विज्ञापन वा सर्तहरूमार्फत रोजगारी पेस गर्नु हुँदैन। |
| 9 | ESA<br>धारा 65 उपदफा 9 | एजेन्सीले अवैध श्रम सर्त भएका कारखाना आदिको रोजगारी सिफारिस गर्नु हुँदैन। |
| 10 | ESA<br>धारा 5-3 दफा 1 र 2; मन्त्रीस्तरीय अध्यादेश धारा 4-2 | रोजगारदाताले रोजगार एजेन्सीहरूलाई आफ्नो श्रम सर्तहरू स्पष्ट रूपमा खुलाउनुपर्छ। यसबाहेक रोजगार एजेन्सीले काम खोज्नेहरूलाई श्रम सर्तहरू स्पष्ट रूपमा खुलाउनुपर्छ। |

| No | ऐनको धारा तथा दफा | विवर |
|---|---|---|
| 11 | ESA<br>धारा 32-13; मन्त्रीस्तरीय अध्यादेश धारा 24-5 | रोजगार एजेन्सीले रोजगारदाताको रोजगार प्रस्ताव आवेदन र काम खोज्नेहरूको रोजगार आवेदन स्विकार गर्दा तुरुन्तै र स्पष्ट रूपमा उनीहरूले सम्हाल्ने सेवाहरूको सीमा खुलाउनुपर्छ। |
| 12 | ESA<br>धारा 51 दफा 2 | एजेन्सीले व्यवसाय सञ्चालनको क्रममा प्राप्त गरेको व्यक्तिगत जानकारी वा जागिर खोज्नेको जानकारी उचित कारणविना अन्य पक्षलाई जानकारीको खुलासा गर्नु हुँदैन। |

सम्बन्धित नियमहरू

| No | ऐनको धारा तथा दफा | विवर |
|---|---|---|
| 13 | व्यक्तिगत सूचना संरक्षण कानुन धारा 23 | सम्बन्धित व्यक्तिको स्वीकृतिविना व्यक्तिगत डाटा तेस्रो पक्षलाई दिनु हुँदैन। |
| 14 | रोजगार प्रवर्धन ऐन धारा 10 | रोजगारदाताले रोजगार माग र नियुक्तिमा कानुनले निर्धारण गरेका अवस्थाहरूबाहेक उमेरको आधारमा भेदभाव गर्नु हुँदैन। |
| 15 | समान रोजगार अवसर ऐन धारा 5 | रोजगारदाताले रोजगार माग र नियुक्तिमा कानुनले निर्धारण गरेका अवस्थाहरूबाहेक लिङ्गको आधारमा भेदभाव गर्नु हुँदैन। |
| 16 | श्रम मापदण्ड ऐन धारा 24 (ESA धारा 44) | रोजगारदाताले कामदारलाई सीधै ज्याला दिनुपर्छ (अप्रत्यक्ष भुक्तानीको अवस्थामा यो श्रम आपूर्ति व्यवसाय हुनु हुँदैन। न. 6 हेर्नुहोस्) |
| 17 | अध्यागमन नियन्त्रण र शरणार्थी मान्यता ऐन धारा 73 | रोजगारदाताले विदेशीहरूलाई गैरकानुनी रूपमा रोजगारी दिनु हुँदैन। |